**बेलबारी नगर कार्यपालिको कार्यालय**
**बेलबारी, मोरङ**

# शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५।०२।१६

यस बेलबारी नगरपालिका अन्तर्गत तपशिलमा उल्लेखित हाटबजार आ.व. २०७५/७६ को लागि कर असुलको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक फर्म, कम्पनी, संघसंस्था तथा व्यक्तिहरुले तपशिल बमोजिमको सेवा शर्तको अधिनमा रही सि.नं. १ को हकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र बोलपत्र फारम खरिद गरी ३१ औ दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गर्न आफुले कबोल गरेको एकमुष्ट ठेक्का रकम अंकमा खुलाई र सि.नं. २ देखि १२ सम्मको हकमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बोलपत्र फारम खरिद गरी १६ औ दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गर्न गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| सि.नं. | ठेक्काको नाम | न्युनतम अंक | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने) |
|---|---|---|---|
| १ | बेलबारी न.पा. ३ मा लाग्ने मवेशी पशुहाट | ४३,९५,०००।- | ३०००।- |
| २ | बेलबारी न.पा. १ मा लाग्ने सोमबारे र वडा नं. २ मा लाग्ने शुक्रबारे र बुधबारे हाट | ९,००,०००।- | १०००।- |
| ३ | बेलबारी न.पा. ७ बाहुनीमा लाग्ने बुधबार र शनिबार हाट | २,००,०००।- | १०००।- |
| ४ | बेलबारी न.पा. ११ मा लाग्ने शनिबार र विहिबार लाग्ने कृषि उपज हाट | १,००,०००।- | १०००।- |
| ५ | बेलबारी न.पा. ९ डाँगीहाटमा लाग्ने मंगलबार र शुक्रबार लाग्ने हाट | १,५०,०००।- | १०००।- |
| ६ | बेलबारी न.पा. ६ बाहुनीको सोमबारे हाट | २५०००।- | १०००।- |
| ७ | बेलबारी न.पा. ५ शनिबार, बुधबार र विहिबार लाग्ने हाट | ४०,०००।- | १०००।- |
| ८ | बेलबारी न.पा. १० भाउन्नेमा लाग्ने बुधबारे हाट | २५०००।- | १०००।- |
| ९ | बेलबारी न.पा. ११ लक्ष्मीमार्गमा लाग्ने मंगलबारको हाट | २५०००।- | १०००।- |
| १० | बेलबारी न.पा. १० नारायण चौकमा आइतबार लाग्ने हाट | २०,०००।- | १०००।- |
| ११ | बेलबारी न.पा. १० विहिबारे चौकमा विहिबार लाग्ने हाट | ३०,०००।- | १०००।- |
| १२ | बेलबारी न.पा. ८ त्रिवेणीचौक र अमरचौक आइतबार र शनिबार लाग्ने हाट | २०,०००।- | १०००।- |
| | जम्मा | ५९,३०,०००।- | १२,०००।- |

*नोटः प्रत्येक सि.नं.मा उल्लेख बजार ठेक्काको लागि छुट्टै छुट्टै फारम खरिद गर्नु पर्नेछ । साथै छुट्टा छुट्टै बैंक जमानत वा नगद धरौटी पेश गर्नु पर्नेछ ।*

शर्तहरु

१) माथि उल्लेखित ठेक्काबाट करदस्तुर असुल गर्दा बेलबारी नगरपालिकाले तोकिएको दरमा मात्र असुल गर्नुपर्ने छ ।
२) कर असुली दररेट एवं ठेक्कापट्टाको शर्तहरु बोलपत्रसाथ उपलब्ध गराईने छ ।
३) ठेक्काको अवधि २०७५ श्रावण १ देखि २०७६ असाढ मसान्त सम्मको लागि मात्र हुनेछ ।
४) प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम खरिद गरी छुट्टाछुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।
५) बोलपत्र पेशकर्ताले खामको बाहिरपट्टी ठेक्काको किसिम तथा पेशकर्ताको नाम स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

६) सिलबन्दी बोलपत्र साथ व्यक्ति हकमा नागरिकताको प्रतिलिपी संस्थाको हकमा दर्ता प्रमाणपत्र, करचुक्ता र नवीकरणको प्रमाणपत्र संलग्न हुनु पर्नेछ । धरौटी रकम कबोल गरेको अंकको नेपाली नागरिक भएमा ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत रकम बेलबारी नगरपालिकाको नाममा रहेको रा.वा. बेलबारीको बैंकको हि.नं. २४३०३०३००७१०३ धरौटी खातामा जम्मा गरि सोको सक्कल भौचर पेश गर्नुपर्नेछ र नगदलाई मान्य दिईने छैन ।

७) कबोल गरिएको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

८) शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिने छ ।

९) ठेक्का रकम संझौता समयमा एकमुष्ठ बुझाउनु पर्नेछ । किस्ता बुझाउनका लागि बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१०) बोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गरि सक्नुपर्नेछ । उक्त अवधिमा सम्झौता गर्न नआएमा नियमानुसार कार्यवाही अगाडी बढाईनेछ ।

११) प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले व्यहोर्नुपर्नेछ । मूल्य अभिबृद्धि कर समावेश गरि ठेकेदार स्वयंले उठाई सो सम्बन्धित निकायमा बुझाउदै जानुपर्नेछ ।

१२) ठेकेदारले नेपाल सरकार तथा बेलबारी नगरपालिकाले समय समयमा दिएको निर्देशनलाई पालना गर्नुपर्नेछ र यस न.पा. र ठेकेदार बीच ठेक्काको विषयमा विवाद भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१३) बेलबारी नगरपालिकालाई बुझाउनु पर्ने रकम बाँकी बक्यौता भएका व्यक्तिहरुको बोलपत्रलाई बाँकी बक्यौता रकम नबुझाएसम्म स्वीकृत गरिने छैन ।

१४) ठेकेदारले राखेको धरौटी रकम ठेक्का अवधि समाप्त भए पछि आन्तरिक राजश्व कार्यालयमा आयकर मूल्य अभिबृद्धि कर तिरेको प्रमाण र बेलबारी नगरपालिकाबाट कर असुलीमा प्रयोग भएको रसिद जाँचबुझ भएपछि मात्र फिर्ता दिईनेछ ।

१५) ठेक्का कबोल गर्ने ठेकेदारले बेलबारी नगरपालिकाले तोकिदिएको कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफैले छपाई रसिदहरु नगरपालिकाबाट कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाएको पाईएमा वा उजुरी परेमा नियमानुसार कारवाही चलाईनेछ ।

१६) बन्द हड्ताल जस्ता मानव सृजित कारण तथा प्राकृतिक प्रकोपबाट हुने अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन ।

१७) एक व्यक्ति वा फर्मको नामबाट खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१८) बिदेशबाट आयकर तिरिसकेको मालसामानमा कर उठाउन पाईने छैन ।

१९) यो सूचना बमोजिमको दाखिला भएको कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।

२०) कर असुलीको दररेट एवं् लाग्ने दस्तुरको विवरण सहितको होडिङ वोर्ड ठेकेदारले प्रत्येक संकलन केन्द्रमा सबैले देखिने गरि अनिवार्य रुपमा राख्नु पर्नेछ ।

२१) कुनै एक ठाउँमा राखेको धरौटी रकम अर्को कुनै ठेक्कामा समायोजन वा सदरस्याहा गरिने छैन ।

२२) कुनै शर्त सहितको बोलपत्र स्वीकृत हुने छैन ।

२३) स्थानीय तहले तोकेको दर भन्दा बढी रकम असुल गरेमा वा सम्झौतामा उल्लेख भए बाहेकका मालबस्तुमा कर सेवा शुल्क वा दस्तुर असुल गरेमा वा दोहोरो हुने गरि कर लिएमा त्यस्तो कर बराबरको रकम ठेकेदारले यस कार्यालयमा राखेको धरौटी रकमबाट कट्टा गरि सम्बन्धित पक्षलाई उपलब्ध गराईनेछ । ठेक्का सम्बन्धि सम्पूर्ण काम कारवाही सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ८४ बमोजिम हुनेछ ।

२४)ठेक्का स्वीकृत भएपछि ठेक्का लिने पक्षले पान नम्बर लिई ठेक्का वापतको रकम कर कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

२५) सूचनामा उल्लेख नभएको कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत